मिति २०८२ साल मंसिर ५ गते शुक्रबार बिहान ९:०० बजे यस महाकाली नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नर सिंह चैसिरज्यूको अध्यक्षतामा तपसिल बमोजिम उपस्थितिमा बैठक बसी देहाय बमोजिमका निर्णयहरू

(5)

तपसिलः

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नर सिंह चैसिर | नगर प्रमुख | |
| २ | श्री दुर्गा कुमारी खत्री बिष्ट | नगर उप-प्रमुख | |
| ३ | श्री मोहन सिह महरा | सदस्य | |
| ४ | श्री शंकर सिह डोबाल | सदस्य | |
| ५ | श्री पदम सिह महर | सदस्य | |
| ६ | श्री जगत बहादुर चुनारा | सदस्य | |
| ७ | श्री दिलेन्द्र राज अवस्थी | सदस्य | |
| ८ | श्री प्रेम बहादुर पाल | सदस्य | |
| ९ | श्री सोबान सिह रैखोला | सदस्य | |
| १० | श्री भवान सिह धामी | सदस्य | |
| ११ | श्री गजेन्द्र सिह कार्की | सदस्य | |
| १२ | श्री भुवनेश्वरी रैखोला | सदस्य | |
| १३ | श्री हेमा थापा | सदस्य | |
| १४ | श्री पार्वती ऐरी | सदस्य | |
| १५ | श्री अम्बीका नेपाली | सदस्य | |
| १६ | श्री नारा धामी | सदस्य | |
| १७ | श्री पुरन सिह बुढाथोकी | सदस्य | |
| १८ | श्री जमुना दमाई | सदस्य | |
| १९ | श्री इश्वरी ठगुन्ना (प्र.प्र.अ.) | सदस्य-सचिव | |
| अन्य उपस्थिति | | | |
| | पार्वती धामी | का.औ. अध्यक्ष | |
| | युवराज जोशी | [illegible] | |
| | | | |
| | | | |

मिति २०८२ मंसिर ५ गते शुक्रबार बिहान ९:०० बजे बसेको बैठकबाट देहाय बमोजिम निर्णय पारित भएकोले कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

१. आर्थिक बर्ष २०८२।०८३ मा महाकाली नगरपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयार गर्न रु. १५,००,००० अक्षरेपी पन्ध्र लाख लागत अनुमान आवश्यक भएको हुँदा उक्त खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयार गर्न आवश्यक पर्ने रु. १५,००,००० अक्षरेपी पन्ध्र लाख लागत अनुमान मध्ये रु. ५,००,००० अक्षरेपी पाँच लाख महाकाली नगरपालिकाबाट व्यहोरिने र बाकी नपुग हुने रकम रु. १०,००,००० अक्षरेपी दश लाख भौतिक पूर्वाधार मन्त्रालयबाट माग गर्ने,

२. महाकाली नगरपालिकाको कार्य सञ्चालन प्रक्रिया प्रभावकारी बनाउनको लागि तपसिल बमोजिम कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयन गर्ने

<u>तपसिल</u>

क) घर जग्गा बहाल तथा लिज सम्बन्धी कार्यविधि, २०८२

ख) छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

३. महाकाली नगरपालिका वडा नं. ४ (साविक खलंगा गा.वि.स. वडा नं. ४) मा अवस्थित नेपाल बाल संगठन, बाल मन्दिरको नाममा रहेको कित्ता नं. ७६ क्षेत्रफल १७४० वर्ग मीटर (३-६-३-० रो.आ.पै.दा.) को जग्गा महाकाली नगरपालिकाको कार्यालय व्यवस्थापनका साथै व्यावसायिक संरचना निर्माणको लागि आवश्यक भएको हुँदा उक्त जग्गा महाकाली नगरपालिकालाई ४० बर्ष सम्म लिजमा उपलब्ध गराई सहयोग गरी दिन हुन नेपाल बाल संगठन बाल मन्दिरलाई अनुरोध गर्ने ।



CamScanner